भूमिहीनलाई लालपुर्जा बाँड्छु-'मन्त्री श्रेष्ठ' । पृष्ठ ५ मा


# विकास

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-४
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com

● मकवानपुर, वर्ष-१४, ● अंक-५० ● २०७९ असार १३ गते सोमबार, ● 27 June 2022, ● नेपाल सम्वत्-११४२, ● पृष्ठ-६, ● मूल्य रु. १०/-




# थाहानगरको बजेट १ अर्ब ८ करोड





विकास संवाददाता
थाहानगर


मकवानपुर थाहा नगरपालिकाले आगामि आर्थिक वर्ष २०७९/०८० का लागि पेश गरेको १ अर्ब ८ करोड ८४ लाख ७ हजार रूपियाँको बजेट पारित भएको छ । थाहा नगर उपप्रमुख भरत गोपालीले पालिकाको ११ औं नगरसभामा पेश गरेको उक्त नीति, कार्यक्रम तथा बजेट पास भएको हो ।

उपप्रमुख गोपालीले आर्थिक वर्ष २०७९/०८० का लागि आन्तरिक स्रोत १९ करोड ७९ लाख ५ हजार, राजश्व बाँडफाँड १९ करोड ६८ लाख ८० हजार, संघीय सरकारबाट प्राप्त १७ करोड १६ लाख, प्रदेश सरकारबाट प्राप्त ५ करोड ५ लाख ८२ हजार, सशर्त अनुदान ३२ करोड १४ लाख ४० हजार र सामाजिक सुरक्षा १५ करोडको बजेट बाँडफाँड सहित बजेट पेश गरेका थिए । पेश गरेको बजेट मध्ये चालु खर्च तर्फ ९ करोड ९७ लाख ५४ हजार, पुँजीगत तर्फ ५१ करोड ७२ लाख १३ हजार, सशर्त तर्फ ३२ करोड, १४ लाख ४० हजार, सामाजिक सुरक्षा तर्फ १५ करोड खर्च अनुमान रहेको छ ।

यसैबीच थाहा नगरको आगामी नीति तथा कार्यक्रमको सन्दर्भमा थाहा नगरपालिकामा रहेका राजनैतिक दलका प्रमुखहरूको सकारात्मक प्रतिक्रिया दिएका छन् । नगर सभा उद्घाटन कार्यक्रमका अतिथी समेत रहेका नेकपा माओवादी केन्द्र थाहानगर अध्यक्ष बिनोद कुमार लामाले नीति तथा कार्यक्रम समग्रमा राम्रो भएको बताए । गतवर्ष थाहाको पुँजीगत खर्च ६० प्रतिशत भएकोमा यो चालु आ.व.को शतप्रतिशत खर्च गर्नको लागि पार्टीले पहल गर्ने बताए ।

लामाले नगरको कर्मचारी, सम्पुर्ण राजनीतिक दल एवम् आम सरोकारवालाहरूलाई शत प्रतिशत काम सम्पन्न गर्न आ-आफ्नो स्थानबाट सहयोग गर्न समेत अनुरोध गरे । नेपाली काङ्ग्रेस थाहा नगर सभापति प्रमोद कृष्ण जोशीले समग्रमा थाहानगरको आगामी नीति तथा कार्यक्रम राम्रो भएको बताए । जोशीले नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि अनुरोध गरे । उनले थाहानगरको स्पष्ट पहिचान हुने कार्यक्रम आउनुपर्नेमा जोड दिए ।

नेकपा एमालेको थाहानगर अध्यक्ष अच्युतम प्रसाद ढकालले नीति तथा कार्यक्रम पुरानै कार्यक्रमको निरन्तरता भएको बताए । उनले रूपचन्द्र विष्टको दर्शनबाट नगरको नामाकरण भएकोले रूपचन्द्र विष्टसंग जोडिने खालको कार्यक्रम ल्याउनुपर्ने सुझाए । उनले नगरपालिकाको नाराझैं कृषि र पर्यटनमा बजेट विनियोजनमा कन्जुस्याई गरेको प्रतिक्रिया दिए । राष्ट्रिय जनमोर्चा नेपालका थाहा नगर अध्यक्ष दिनेश बिष्टले समग्रमा थाहा नगरको नीति तथा कार्यक्रम राम्रो भएको र नगरको मुख्य पेशा कृषिमा बजेट बढाउनुपर्ने बताए ।

त्यस्तै राप्रपा थाहा नगर अध्यक्ष नबिन रायमाझीले बजेटले कृषि र पर्यटन क्षेत्रलाई कम सम्बोधन गरेको बताए । उनले कृषि र पर्यटनको विकासमा बिशेष कार्यक्रम ल्याउनुपर्ने बताए । समग्रमा नीति तथा कार्यक्रम राम्रो भएको रायमाझीको भनाइ थियो ।

# कृषि र पशु विज्ञ राखिने, शितभण्डार सहकारीलाई हस्तान्तरण गरिने

मकवानपुर थाहा नगरपालिकाले कृषि र पशु क्षेत्रका विज्ञहरू नियुक्ति गरी विज्ञ सेवा उपलब्ध गराउने नीति लिएको छ । १० असारमा थाहानगरबाट पारित नीति तथा कार्यक्रममा यो कुरा समेटिएको छ ।

त्यस्तै थाहा नगरपालिका वडा नम्बर ३ कालाभैरब मन्दिरमा निर्माणको अन्तिम चरणमा रहेको थाहा शीतभण्डार संचालनमा आवश्यक व्यवस्थापन गर्न आगामि वर्षमा विशिष्टीकृत सहकारी संस्था दर्ता गरी हस्तान्तरण गर्ने उल्लेख गरिएको छ । हरेक वडामा सहकारी व्यवसाय विकास गर्न वडावासी, सहकारी संघ सस्थासंग सहकार्य गरी सहकारीसंग साझेदारी कार्यक्रम मार्फत व्यवसाय विकास गरी कृषि, उद्योग, व्यवसाय स्थापना गर्ने थाहाको नीति छ । कृषकलाई व्यवसायीक पशुपालनमा आकर्षण पैदा गराई प्राङ्गारीक मलमा आधारित दिगो कृषि प्रणाली बिकास गर्ने, व्यवसायीक पशुपालनलाई वायो ग्यास उत्पादनकार्य संग जोडेर नवीकरणीय उर्जा प्रर्वद्धर्न गर्ने, थाहा नगर पहाडी हावापानी भएको क्षेत्र भएकोले यहाँको फलफूल, अन्न, र तरकारी उच्च कोटिको हुने तथ्यलाई प्रचार प्रसारमा ल्याई उचीत मूल्यको बजार खोजी गर्ने पनि थाहाको नीति छ ।

कृषि उत्पादनलाई मानव स्वास्थ्य प्रतिकुल नहुने गरि उत्पादन गर्न विषादीको प्रयोग घटाउनुको साथै विषादी प्रयोग गर्ने तरिकाको वारेमा व्यापक जनचेतना विकास गर्ने, कृषि उत्पादनलाई अर्गानिक बनाउन र उच्च मूल्यमा विक्रि गर्न आवश्यक पहल गर्ने, कृषि उत्पादन र वजार मूल्यवारे तथ्याङ्क प्रणाली विकास गर्न आवश्यक पहल गर्ने थाहाको नीति छ ।

थाहा नगरस्तरीय श्रम सहकारी स्थापना गरी नगरको श्रम शक्तिलाई नगर निर्माणमा प्रयोग गर्ने तथा निर्माण र श्रमको क्षेत्रमा काम गर्ने एक व्यवसायिक र सक्षम सार्वजनिक सस्था विकास गर्ने, बाली लगाउनु पूर्व कृषक समुहहरूलाई विज्ञको राय सुझाव अनुसार बाली लगाउने व्यवस्था गर्ने गोठ सुधार कार्यक्रमलाई अगाडि बढाइने, पुरानो कुलोहरूलाई पक्की बनाउने, पुराना पोखरी पुनःनिर्माण गर्ने तथा कृषिमा निर्भर लघुउद्यम कार्यक्रम संचालन गर्न अनुदान दिने थाहा नगरपालिकाको पारित नीति तथा कार्यक्रममा उल्लेख छ । पालिकाले कृषि बीमा साँझेदारी कार्यक्रमलाई निरन्तरता दिने नीति तथा कार्यक्रममा उल्लेख छ ।

# थाहा नगरपालिकाको बजेट घट्यो

मकवानपुर थाहा नगरपालिकाको चालु आर्थिक वर्षको तुलनामा आगामि आर्थिक वर्षको बजेट घटेको छ । चालु आर्थिक वर्षको २८ पुसमा पारित संशोधित बजेट १ अर्ब १० करोड ८७ लाख ३० हजार रहेकोमा आगामि आर्थिक वर्षका लागि थाहानगरले १ अर्ब ८ करोड ८४ लाख ७ हजार रूपियाँ पबजेट सभाबाट पास गरेको छ । यो बजेट चालु आर्थिक वर्षको भन्दा २ करोड ३ लाख २३ हजार कम हो ।

चालु आर्थिक वर्षका लागि सशर्ततर्फ ३२ करोड २९ लाख ६ हजार, आन्तरिक स्रोत २७ करोड ११ लाख ४७ हजार, राजश्व बाँडफाँड १६ करोड ५३ लाख ४९ हजार, वित्तिय समानिकरण अनुादन १४ करोड ६० लाख २८ हजार र अन्य सरकारी अनुदान २ करोड, समपुरक अनुदान ४ करोड, ६५ लाख, विशेष अनुदान १ करोड ६८ लाख, सामाजिक सुरक्षातर्फ १२ करोड बजेट छ । आगामि आर्थिक वर्ष २०७९/०८० का लागि आन्तरिक स्रोत १९ करोड ७९ लाख ५ हजार, राजश्व बाँडफाँड १९ करोड ६८ लाख ८० हजार, संघीय सरकारबाट प्राप्त १७ करोड १६ लाख, प्रदेश सरकारबाट प्राप्त ५ करोड ५ लाख ८२ हजार, सशर्त अनुदान ३२ करोड १४ लाख ४० हजार र सामाजिक सुरक्षा १५ करोडको बजेट पारित भएको हो ।

थाहा नगरपालिकाको संचित कोष मौज्दात बढि भएका कारण पनि चालु आर्थिक वर्षमा बजेटको आकार घटेको हो । थाहा नगरपालिकाको चालु आर्थिक वर्षको संचित मौज्दात २० करोड ७८ लाख ३९ हजार रहेको छ । तर आगामि आर्थिक वर्ष २०७९/०८० को लागि पेश भएको बजेटमा पालिकाको संचित मौज्दात १० करोड मात्र राखिएको छ । यो मौज्दात असार मसान्तसम्म घटबढ हुन सक्छ । १० करोड संचित मौज्दात अनुमान मात्र भएको नगरपालिकाले जनाएको छ ।




प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
विकास
www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक
२०७९ असार १३ गते सोमबार, 27 June 2022, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

www.bikaskhabar.com
bikaskhabar@gmail.com


## • सम्पादकीय •

### स्थानीय तहमा योजना कार्यान्वयनमा जोड देऊ

देशका सबै ७ सय ५३ मध्ये ७ सय स्थानीय तहले १० असारमा नीति कार्यक्रम र बजेट सार्वजनिक आ–आफ्नो पालिकाको सभामा पेश गरेका छन् । ५३ स्थानीय तहले भने १० असारमा नीति तथा कार्यक्रम र बजेट पेश गरेनन् । असार १० गतेभित्र स्थानीय तहले नीति, कार्यक्रम र बजेट सार्वजनिक गरिसक्नुपर्ने प्रावधान छ । स्थानीय तहको निर्वाचन सम्पन्न भइसकेको र अधिकांश स्थानमा नयाँ नेतृत्व आएकोले बजेट नीति तथा कार्यक्रममा नयाँपन आशा गर्नु स्वाभाविक हो । अहिले तीनै तहका सरकारहरुको प्राथमिकता मुख्यतः कृषि, त्यसपछि शिक्षा र स्वास्थ्य रहेका छन् । कृषि उत्पादन नबढ्दासम्म आत्मनिर्भर अर्थतन्त्रको विकास हुन नसक्ने र मुलुकले समृद्धि हासिल गर्न नसक्ने यथार्थतालाई आत्मसात गर्दै कृषि विकासका लागि वर्षेनि राज्यले खर्बौं लगानी गर्दै आएको छ । यी सबैका वावजुद अझै पनि मुलुक खाद्यान्नमा आत्मनिर्भर हुन सकेको छैन । दूध, अण्डा र कुखुराको मासुमा भने आत्मनिर्भर बन्ने क्रममा छ । कुनै बेला नेपाल खाद्यान्न निर्यात गर्ने मुलुक थियो । तर अहिले हामी आयातमुखी र परनिर्भर बन्न पुगेका छौं । राज्यको ठूलो रकम लगानी भएको कृषि क्षेत्रमा ठीकढंगले लगानी सदुपयोग हुन सकेको भए यो अवस्था आउने थिएन ।

नेपालमा अहिले पनि ठूलो मात्रामा परम्परागत कृषि प्रणाली कायमै छ । खेतीयोग्य जमिन प्लटिङ गरी ठूला ठूला संरचना निर्माण गरिएका छन् । वास्तविक किसानहरुका हातमा थोरै जमिन छ । कृषिमा यान्त्रिकीकरण बढाउन जमिनको ठूलो प्लट आवश्यक पर्छ । खेतवारीका साना साना गह्रामा गरिने परम्परागत निर्वाहमुखी चरित्रको कृषिलाई आधुनिकीकरण एवं प्रविधिमैत्री गर्ने काम पनि निकै चुनौतीपूर्ण छ । तीनै तहका सरकारबाट प्रदान गरिँदै आएको कृषि अनुदानमा दुरुपयोग भएका समाचारहरु आइरहनु, अनुदान वितरणमा निष्पक्षता र पारदर्शिता हुनुपर्नेमा विचौलियाहरु हावी हुँदै आएका छन् । कृषि अनुदानमा नातावाद, आफन्तवाद र कमिशनतन्त्र कायमै छ । समग्रमा राज्यको नीति तथा कार्यक्रम किसानमैत्री भए पनि व्यवहारमा उल्टो छ । अर्थात् कार्यान्वयन तहमा ठूलो समस्या छ । कृषिमा राज्यले लगानी गरे अनुरुप प्रतिफल प्राप्त नहुनुको अर्को कारण सिंचाई सुविधाको अभाव र खेती गर्ने समयमा वर्षेनि हुने रासायनिक मलको हाहाकार पनि हो । यसैगरी खेतीपातीका लागि उन्नत बिउबिजनको अभाव छ र यो सर्वसुलभ समेत छैन । रासायनिक मल त हरेक वर्ष आउने नियमित समस्याजस्तै बनिसकेको छ । तर पनि त्यसको दीर्घकालीन समाधान खोज्नेतर्फ चासो देखिन्न । यस्तो अवस्थामा कृषि उत्पादन बढाउने कुरा आफैमा पनि निकै चुनौतीपूर्ण छ । अहिले पनि उत्पादित बस्तुको किसानले राम्रो मूल्य पाउँदैनन् । कृषि उपजको बजार व्यवस्थापन हुन सकेको छैन । यस्ता कुरामा राज्यका निकायहरु संवेदनशील देखिँदैनन् ।

नेपालमा कृषि क्रान्तिका कुरा धेरै भए तर त्यो नारामा मात्र सीमित रह्यो । व्यवहारमा कार्यान्वयन हुन सकेन । अहिलेको पुस्ताको आकर्षण वा बाध्यता वैदेशिक रोजगारीतर्फ बढी छ । आफ्नो मुलुकमा बसेर माटोमा सुन फलाउने कला सिकाउने र कृषिकर्म तर्फ आकर्षित गर्न ठोस योजना निर्माण गर्न जरुरी छ । कृषिमा सरकारले प्राथमिकता दिने कुरा भइरहँदा युवा जनशक्तिलाई स्वदेशमै श्रम गर्न प्रेरित गर्ने खालका योजनामा पनि ध्यान दिनुपर्छ ।

### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# प्रारम्भिक बालविकासहरू अझै पनि ओझेलमा



जीतबहादुर शाह

बालविकास केन्द्रको सामग्री प्रदर्शनी कक्षमा सामग्रीहरू मिलाएर राखिएको थियो । सामग्री मिलाउँदा सिकाइका कुनालाई समेत विचार पुर्‍याइएको थियो, जस्तै सिर्जनात्मक सिकाइ कुना, गणित सिकाइ कुना, भाषा सिकाइ कुना, विज्ञान सिकाइ कुना, अभिनय सिकाइ कुना र निर्माण सिकाइ कुना । प्रदर्शनी कक्षमा मानिसहरूको भीडभाड थियो । उक्त भीडभाडमा कर्णाली प्रदेश सभाका सभासद एवं प्रारम्भिक बालविकासका लागि प्रदेशसभामा सांसदहरूको समन्वय र सहकार्य समूहकी संयोजक माननीय सीता नेपाली, गाउँपालिकाका अध्यक्ष हरिचन्द्र बस्नेत, उपाध्यक्ष देविका सिंह, सेभ द चिल्ड्रेनका शिक्षा व्यवस्थापक आत्माराम भट्टराई, सेतो गुराँसकी सुर्खेत जिल्ला संयोजक जानकी देवकोटालगायतका महानुभावहरूको उपस्थिति थियो । प्रदर्शनी कक्षमा बसेका बालविकासका शिक्षकलाई अवलोकनकर्ताहरूले प्रश्न सोधिरहेका थिए– यी सामानहरू कसरी प्रयोग गर्नुहुन्छ ? सिकाइ कुनामा राखिएका सामग्रीहरूलाई देखाउँदै यो सिकाइ कुनाबाट बालबालिकाहरूले के कुराको सिकाइ कसरी गर्दछन् ? आदि आदि । बालविकासका शिक्षिकाहरूले नआत्तिएर सबैले सोधेका प्रश्नहरूको जवाफ दिने क्रम जारी थियो । प्रदर्शनी कक्षको अवलोकन गरेर प्रदर्शनी कक्षबाट बाहिरिने क्रममा कुशे गाउँपालिकाका अध्यक्ष हरिचन्द्र बस्नेत भन्दै हुनुहुन्थ्यो – 'यो काम भनेको त गाह्रो काम पो रहेछ ।'

यो पंक्तिकारले वर्णन गरेको दृश्य जाजरकोटको कुशे गाउँपालिकाको भार्ममा आयोजना गरिएको प्रारम्भिक बालिविकासका शिक्षकहरूको प्रथम सम्मेलनको हो । जुन सम्मेलन 'घर बलियो जगले, देश बलियो प्रारम्भिक बालविकासले' भन्ने नाराका साथ सेभ द चिल्ड्रेन, पहाडी क्षेत्र विकास अभियान र कुशे गाउँपालिकाको समन्वय र सहकार्यमा सञ्चालन भएको थियो । ठीक यस्तै सम्मेलन कुशेमा भन्दा दुई दिनअघि जाजरकोटकै छेडागाड नगरपालिकाको मनघाटमा सञ्चालन भएको थियो । त्यहाँको कार्यक्रममा पनि सेभ द चिल्ड्रेन, छेडागाड नगरपालिका र पाँचचारे युवा संरक्षण मञ्चको सहकार्य र समन्वयमा कुशेमा जस्तै गरी सञ्चालन भएको थियो । सम्मेलनमा भाषणभिषण भन्दा पनि प्रारम्भिक अवस्थाका बालबालिकालाई कसरी व्यवहार गर्ने, कसरी सिकाउने र सिकाइका लागि कसरी उत्प्रेरित गर्ने भन्ने विषयहरूको बारेमा छलफल भएको थियो । दुबै पालिकाका कार्यक्रमहरूमा सहकर्ताको रूपमा माननीय सभासद सीता नेपाली, सेभ द चिल्ड्रेनका आत्माराम भट्टराई, सेतो गुराँसकी जानकी देवकोटा र यो पंक्तिकारबाट भूमिका निर्वाह गरिएको थियो ।

सम्मेलनमा भएगरेका क्रियाकलापहरूबाट उपस्थित सबैको घैंटोको घाम लाग्यो कि प्रारम्भिक बालविकासको अवस्था अर्थात गर्भावस्थादेखि आठ वर्षको अवस्था मानव जीवनको महत्वपूर्ण अवस्था रहेछ । बालबालिकालाई यति बेला खानपान र व्यवहारको हिसावले उपयुक्त वातावरण दिन सकियो भने यसले मानिसको बाँकी जीवनलाई फलदायी र उपलब्धिमूलक बनाउन योगदान गर्दोरहेछ । हेकम्यान (२०००) को अध्ययन अनुसार पोषिलो खाना, शारीरिक स्वस्थता र शारीरिक व्यायाम प्रारम्भिक बालविकास उमेरमा उनीहरूको मस्तिष्क विकासका लागि अति आवश्यक हुन्छ । यस उमेरमा पाउने सकारात्मक वातावरणले उनीहरूको स्वास्थ्य, भविष्यको पढाइ, रोजगारीको अवसर र उत्पादनशीलतामा बृद्धि भई बालबालिकाको समग्र विकासका लागि आवश्यक अवसरहरू प्राप्त भइरहेका हुन्छन् । युनेस्कोले गरेको एक अर्को अध्ययन अनुसार प्रारम्भिक बाल्यावस्थामा लगानी गरिएको एक डलरले पछिसम्मको हिसाव गर्दा सत्र डलरसम्म प्रतिफल प्राप्त हुने गर्दछ । यसबाट प्रष्ट हुन्छ कि बालकलाई यतिबेला उचित व्यवहार र उचित मार्गनिर्देशनको माध्यमबाट असल बनाउन सकियो भने यसको प्रभाव जीवनका अरू अवस्थाहरूसम्म पनि सकारात्मक तरिकाले पर्ने गर्छ । जसरी भिजेको अर्थात नसुकेको सिमेण्टमा हामीले खुट्टा टेक्यौं भने त्यसको छाप कहिल्यै नमेटिनेगरी सिमेण्टमा बस्छ त्यसरी नै प्रारम्भिक अवस्थाका बालबालिकासँग गरिएको व्यवहार पनि जीवनका अरू अवस्थालाई समेत प्रत्यक्ष असर पर्ने गरी सदैव रहिरहन्छ ।

नेपालको संविधान २०७२ ले प्रारम्भिक बालविकासलाई बालबालिकाको मौलिक हकको रूपमा स्थापित गरेको छ । सन् २०१५ मा संयुक्त राष्ट्रसंघको नेतृत्वमा विश्वका विभिन्न राष्ट्रहरूले अनुमोदन गरी कार्यान्वयनमा ल्याइएका दिगो विकासका १७ वटा लक्ष्यहरू मध्ये ११ वटा लक्ष्यहरू प्रत्यक्षरूपमा प्रारम्भिक बालविकाससँग सम्बन्धित रहेका छन् । शिक्षा ऐनको आठौं संशोधनले प्रारम्भिक बालविकासलाई आधारभूत तहको रूपमा स्वीकार गरेको अवस्था छ । यसका साथै राष्ट्रिय शिक्षा नीति २०७६ ले बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित प्रारम्भिक बालविकास तथा शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउने भनी उद्देश्य राखेको छ भने नीतिअन्तर्गत नेपाल सरकारले तोकेको शर्त तथा मापदण्ड पालना गर्ने गरी स्थानीय तहको अनुमति वा स्वीकृतिमा सरकारी, गैरसरकारी, सामुदायिक वा निजी लगानीमा बालमैत्री तथा पूर्वाधार युक्त प्रारम्भिक बालविकास कक्षा र बालविकास तथा स्याहार केन्द्रको व्यवस्थापन गरी बालविकास कार्यक्रम सञ्चालन गरिने कुरा उल्लेख गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ खण्ड (ज) अनुसार स्थानीय तहले प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन गर्नुपर्ने कुरालाई स्पष्टरूपमा उल्लेख गरेको देखिन्छ ।

यसका अतिरिक्त नेपाल सरकारले दश वर्षे प्रारम्भिक बालविकास रणनीति (२०७७–२०८८) जारी गरेको छ । यस रणनीतिले केन्द्रमा राष्ट्रिय योजना आयोगको उपाध्यक्षको अध्यक्षतामा राष्ट्रिय प्रारम्भिक बालविकास निर्देशक समिति गठन हुने व्यवस्था गरेको छ भने प्रदेशमा सामाजिक विकास मन्त्री अध्यक्ष हुने गरी प्रदेशस्तरीय प्रारम्भिक बालविकास समितिको गठन हुने व्यवस्था गरेको छ । यसरी नै पालिकास्तरमा मेयर वा अध्यक्षको अध्यक्षतामा र वडास्तरमा वडाध्यक्षको अध्यक्षतामा क्रमशः पालिकास्तरीय र वडास्तरीय प्रारम्भिक बालविकास समिति गठन गर्ने व्यवस्था गरेको छ । उल्लिखित सबै समितिको काम कर्तव्य र अधिकारमा आ–आफ्नो स्तरमा प्रारम्भिक बालविकाससम्बन्धी रणनीति, कार्यनीति र कार्यक्रम बनाइ कार्यान्वयन गर्ने र कार्यक्रमहरूको अनुगमन र मूल्यांकन गर्ने कुरालाई मुख्यरूपमा समावेश गरेको छ । प्रारम्भिक बालविकास अवस्थाका बालबालिकाको विकासमा योगदान गर्नका लागि संघीय सरकारअन्तर्गत समेत आठवटा मन्त्रालयहरू– शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, खानेपानी मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, गृह मन्त्रालय, अर्थ मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट समेत प्रारम्भिक तहका बालबालिकाका निम्ति विभिन्न कार्यक्रमहरू सञ्चालन भइरहेको अवस्था छ ।

माथि उल्लिखित सरकारी संयन्त्रहरूका साथसाथै अन्तर्राष्ट्रिय, राष्ट्रिय र स्थानीयस्तरका निजी तथा गैरसरकारी संघसंस्थाहरू– सेभ द चिल्ड्रेन, प्लान इन्टरनेशनल, युनिसेफलगायतका संस्थाहरू वर्षौंदेखि बालबालिकाको क्षेत्रमा क्रियाशील छन् । तथापि नेपालका बालबालिकाको अवस्था हेर्दा गर्नुपर्ने अझ धेरै बाँकी छ जस्तो लाग्छ । सरकारी तथा गैरसकारी क्षेत्रबाट बालबालिकाको क्षेत्रमा देखाउने तामझाम धेरै भए पनि गर्न बाँकी कामहरू अझै तमाम छन् । गत वर्ष नै नेपाल सरकारले बालविकासका शिक्षकहरूको तलव पन्ध्र हजार बनाएर आठ हजार केन्द्रबाट र बाँकी रकम स्थानीय सरकारले दिनेगरी व्यवस्था मिलाएको थियो । स्थानीय तहबाट दिनुपर्ने रकम कतिपय पालिकाहरूले अहिलेसम्म पनि नदिएको अवस्था रहेछ । यो समस्या सेभ द चिल्ड्रेनले सहयोग गरिरहेको कुशे गाउँपालिकामा पनि देखियो । यसको भित्री कुरो बुझ्दा बजेट बिनियोजनको क्रममा नपुगेर त्यस्तो भएको हो रे । सायद अब त्यस्तो हुँदैन होला । किनभने पालिकाका अध्यक्ष स्वयंले दुई दिनसम्म प्रारम्भिक बालविकासका शिक्षकहरूको सम्मेलन र उनीहरूले गरेका नमूना कामहरूको अध्ययन र अवलोकन गरेर 'यो काम त गाह्रो रहेछ' भन्ने आभास भइसकेको छ अध्यक्षलाई । मलाई लाग्छ

*बाँकी पृष्ठ ३ मा*

# दुईभन्दा बढी सन्तान भएका अभिभावक छिटो बुढ्यौली

'दुई सन्तान ईश्वरका वरदान' भन्ने यो कथन नेपालमा मात्रै नभई संसारभरका अभिभावकले ग्रहण गरिरहेका छन् । तर व्यवहारमा भने अझै पूर्ण रूपमा लागु हुन सकेको छैन ।

पहिलेको तुलनामा अहिलेका अभिभावकले परिवारको आकार घटाइरहेका छन् । परिवारको आकार घटाउँदा आर्थिक, शारीरिक तथा मानसिक स्वास्थ्यलाई समेत फाइदा पुग्छ । सानो परिवारको तुलनामा ठूलो परिवारमा बढी समस्या हुन्छन् । ठूलो परिवारका लागि गाँस, बास, कपासका साथै शिक्षा, स्वास्थ्यजस्ता अन्य भौतिक आवश्यकताको परिपूर्ति गर्न गाह्रो पर्छ । यति मात्रै नभई सानो परिवारको अभिभावकको तुलनामा ठूलो परिवारका अभिभावक बढी बुढो देखिन्छन् । अर्थात् उनीहरूलाई बुढ्यौलीले छिटो छुन्छ ।

कोलम्बोको विश्वविद्यालयले गरेको अनुसन्धानमा तीन वा तीनभन्दा बढी सन्तान भएका अभिभावक वास्तविक उमेरभन्दा ६ दशमलव २ वर्ष बढी बुढो देखिने खुलेको छ । अभिभावक वास्तविक उमेरभन्दा बढी बुढो हुनुमा मुख्यतया बालबालिकाको पालनपोषणको चिन्ता र आर्थिक भार रहेका छन् ।

यो अनुसन्धानका लागि वैज्ञानिकले युरोपको हेल्थ, एन्जिङ र रिटायरमेन्ट सर्भे (शेयर)को तथ्यांकको विश्लेषण गरेको थियो । यसमा ६५ वर्षमाथिका हजारौं व्यक्तिको तथ्यांक उपलब्ध छ । अनुसन्धानमा सहभागी गराइएकाहरू कम्तीमा दुई बालबालिकाका अभिभावक र युरोपका २० देश वा इजरायलका बासिन्दा रहेका छन् ।

बढी बालबालिका हुँदा अभिभावकमा भार पर्ने र जिम्मेवारी बढ्ने अनुसन्धानले बताएको छ । तनाव र आर्थिक भारका कारण अभिभावकको एन्जिङ प्रोसेस तीव्र हुन गई उनीहरू वास्तविक उमेरभन्दा अगावै बुढो हुने अनुसन्धानले पुष्टि गरेको छ ।

फ्रान्सको पेरिस डौफिन विश्वविद्यालयका प्रोफेसर डा. एरिक बोनसाङले तीन वा तीनभन्दा बढी सन्तान भएका अभिभावकमा 'कग्निटिभ' क्रियाकलापमा नकारात्मक असर पर्ने बताएका छन् । यो क्रियाकलापमा अभिभावकको सम्झन सक्ने, एकत्रित हुने क्षमता, बुद्धि र निर्णय लिन सक्ने क्षमता पर्छन् । यी असर महिला पुरुष दुवैमा समान हुन्छन् ।

बढी सन्तान भएमा अभिभावकमाथि आर्थिक भार पर्ने अनुसन्धानले देखाएको छ । यसका कारण बचत हुँदैन । यो समस्याले उनीहरूलाई गरिबीतिर धकेल्न सक्छ । परिवारमा समस्या र तनाव थपिंदै जाँदा अभिभावकको कग्निटिभ क्रियाकलापमा असर पर्छ । अभिभावक सन्तानको चिन्ता र घरायसी काममा बढी व्यस्त हुँदा उनीहरू वास्तविक उमेरभन्दा अगावै बुढो देखिने वैज्ञानिकले खोज गरेका छन् ।

# प्रारम्भिक बालविकासहरु ......

सम्मेलनबाट गठन गरिएको बालविकास शिक्षकहरूको कार्यसमितिले बालविकासलाई कर्तव्य र अधिकारको हिसावले अझै सशक्त बनाएपछि यो क्षेत्र कति गाह्रो र कति महत्वपूर्ण छ भन्ने कुरा अझै स्पष्ट हुनेछ ।

बालविकासका शिक्षकहरूलाई कतिपय विद्यालयहरूले पनि बक्र दृष्टिले हेरेको अवस्था देखियो । उनीहरूले चार घण्टा काम गरे पुग्ने ठाउँमा छ घण्टा काम गराएको देखियो । बिदाको सवालमा विद्यालयहरूले आनाकानी गरेका भोगाइहरू सुनियो । यसको कारण भनेको बालविकासका शिक्षकहरूका निम्ति बिदाको सुविधाका सम्बन्धमा सरकार मौन छ भन्ने कुराहरू पनि सम्मेलनमा उठे । बालविकासका शिक्षकहरूको सम्बन्धमा पनि द्विविधा भएका कुराहरू उठे । कतै दश कक्षा उत्तीर्ण त कतै बाह्र कक्षा उत्तीर्णलाई न्यूनतम योग्यता भनेको देखियो भने कार्यरतको सवालमा आठ कक्षा उत्तीर्ण भएको पनि देखियो । जहाँ संघसंस्थाको सहयोग छ, त्यहाँका बालविकासहरूको अवस्था राम्रो छ । तर सरकारको भरले मात्र चलेका बालविकासको अवस्था भने नाजुक छ । शैक्षिक सामग्री, सिकाइ कुना र तालिमका कुरा प्रभावकारी देखिदैनन् त्यस्ता बालविकास कक्षाहरूमा । कतिपय विद्यालयहरूमा त कक्षाकोठाको अभाव भएको देखाएर बालविकासका कक्षाहरूलाई कक्षा एक सँगै राखेर पनि सिकाइ कार्य सम्पादन गरेको अवस्था भुक्तभोगीहरूबाट बकेको सुनियो ।

कतिपय बालविकासका कक्षाहरूमा सिकाइका छवटा कुनाको अवधारणालाई एकातिर थन्क्याएर शिक्षकहरूले अक्षर चिनाउने र लेख्न सिकाउने कुरालाई प्राथमिकता दिएको पनि देखियो । यसको कारण बुझ्दा बोध भयो कि अक्षर चिनेपछि अभिभावकहरू खुशी हुन्छन् रे । जब कि अक्षर चिनाउने र सिकाउने काम त पाठ्यक्रमले कक्षा १ बाट मात्रै आरम्भ गरेको छ । यो समस्याबाट संस्थागत विद्यालयका बालबालिका त झनै पीडित छन् । किन यसो गरेको भन्दा त्यहाँ पनि दोष अभिभावकलाई दिइन्छ । यसको मतलव अब शिक्षा अभिभावकलाई पनि दिनु आवश्यक देखियो । भाषाका चार वटा सीप- सुनाइ, बोलाइ, पढाइ र लेखाइमा लेखाइ सबैभन्दा पछि सिकिने सीप हो भन्ने कुरा अभिभावकलाई पनि सिकाउनुपर्‍यो । बाघको बच्चाले घाँस नखाएर बाघले झै मासु खाएजस्तै मानिसको बच्चालाई पनि मानिसलाई झै सम्मानजनक व्यवहार चाहिने र अपमानजनक व्यवहारले बालकको मन पनि ठूला मानिसको झै दुख्ने कुरा अभिभावकलाई मात्र होइन कि बालबालिकासँग सरोकार राख्ने सबैलाई सिकाउनुपर्ने भएको छ । यसो गर्न सकियो भने बजेट पुगेन भनेर बालविकासलाई मर्कामा नपारी शुरूमै बालविकासलाई बजेट छुट्याउने पद्धतिको विकास कसो नहोला र ? मानव विकासको महत्वपूर्ण अवस्था भनी चिनिएको र बुझिएको प्रारम्भिक बालविकासलाई नै किन सधैं होचो अर्घेलो भइरहला र ?

# सहरमा भन्दा गाँउमा चट्याङको बढी डर



वर्षायाममा चट्याङ कहिले र कहाँ पर्छ टुंगो हुँदैन । त्यसैले चट्याङबाट कसरी जोगिने भन्ने कुरामा खासै सतर्कता अपनाएको पाइँदैन । जबकि चट्याङले बर्सेनि मान्छेको ज्यान लिने गरेको छ । गृह मन्त्रालयको तथ्यांकमा २०७७ वैशाखदेखि २०७९ जेठ ३० गतेसम्म चट्याङका ५१५ घटना भएको अभिलेख छ । त्यसमा १५२ जनाले त ज्यान नै गुमाएका छन् । यस अवधिमा चट्याङबाट ८९२ घरपरिवार प्रभावित भएका छन् भने २४ वटा घरमा पूर्ण क्षति पुगेको छ ।

चट्याङले मानिस मात्र होइन, चौपायाको पनि ज्यान लिने गरेको छ । यसपालि चट्याङबाट २५ वटा गोठमा क्षति पुगेको छ भने एक हजार ६९ चौपाया मरेका छन् । गृह मन्त्रालयका अनुसार चट्याङबाट यस अवधिमा करिब २ करोड ९९ लाख ७० हजार रूपैयाँ बराबरको क्षति भएको छ ।

### चट्याङको याम

खासगरी वर्षायाममा चट्याङको जोखिम बढी हुन्छ । पानीझरी र हुरीबतासको समयमा चट्याङ पर्छ । विज्ञहरूका अनुसार प्रि–मनसुनमा बढी चट्याङ पर्छ । चैत, वैशाख र जेठ महिनामा चट्याङको भय बढी हुने बताइन्छ । मध्य वर्षायाममा भने चट्याङको भय अलि कम हुन्छ ।

चट्याङ एक किसिमको विद्युतीय चार्ज हो । जब विपरीत दिशाबाट बहेको बादल आपसमा जुध्न पुग्छ, त्यहाँ विद्युतीय झट्का पैदा हुन्छ । त्यसबाट आगोको मुस्लो निस्किन्छ । चट्याङ परेको बखत देखिने बिजुली र ध्वनि त्यही हो । चट्याङ पर्दा विद्युतीय चार्ज ४० देखि ६० हजार माइलसम्म फैलिएको हुन्छ ।

वायुमण्डलमा एक किसिमको बादल हुन्छ, जसलाई मौसमी भाषामा 'कुमोलो निम्बस' भनिन्छ । कुमोलो निम्बस बादलबाट उत्पन्न हुने विद्युतीय डिस्चार्ज नै चट्याङ हो, जसको असर बेलाबखत धर्तीसम्म आइपुग्छ ।

नेपालको पूर्वी र मध्यपहाडी भूभागमा बढी चटयाङ पर्छ । अहिलेसम्मको अध्ययनले चट्याङको प्रभाव चुरे क्षेत्रमा बढी देखिएको छ । बंगालको खाडी नजिक रहेका नेपाली भूगागमा बढी चट्याङ परेको देखिन्छ । चुरेको पूर्वदेखि पश्चिमसम्म नै मानवीय क्षति पनि धेरै हुने गरेको छ । मकवानपुर जिल्लामा चट्याङको जोखिम उच्च देखिएको छ । यद्यपि बारम्बार चट्याङ पर्ने जिल्ला भने झापा र मोरङ हुन् ।

चट्याङ पर्नु भन्दा अघि कालो बादल मडारिने, हावाहुरी चल्ने, अघिपछिको मौसम भन्दा बेग्लै मौसम हुने गर्छ यस्तो बेलामा सकेसम्म घरभित्रै बस्नुपर्छ । खेतबारीमा काम गर्दै वा जंगलमा घाँस दाउरा गर्न जानुभएको छ भने रूखमुनि ओत लाग्नु हुँदैन । बिजुलीको पोल र टावरको मुनि पनि बस्नु हुँदैन । किनकि त्यसमा सजिलैसँग चट्याङ पर्ने सम्भावना हुन्छ ।

चट्याङमा हुने विद्युतीय ऊर्जा अग्लो ठाँउ तथा चिसोमा आकर्षित हुने भएकाले खुल्ला जमिनमा निहुरिएर बस्नुपर्छ । विद्युतीय उपकरण जस्तै टेलिभिजन, तार भएका फोन लगायतका उपकरणलाई चलाउनु हुँदैन । विद्युतीय उपकरणको मेन स्वीच बन्द गर्नुपर्छ ।

पानीबाट बच्नु एकदमै राम्रो हुन्छ । नुहाउने, पौडी खेल्ने गरिरहेको भए तुरून्तै बाहिर आउनुपर्छ, किनकि पानीले विद्युतीय ऊर्जालाई आकर्षित गर्छ । घर निर्माण गर्ने बेलामा घरका छतमा लाइटिङ रड जडान गर्नुपर्छ । यसले चट्याङ रडमा परी विस्तारै जमिनमा बग्छ ।

सहरमा घरको माथि दूरसञ्चार टावर तथा चट्याङ प्रतिरोधी लाइटिङ रडको व्यवस्था गरिएको हुन्छ । त्यसमा चट्याङ रोक्ने अर्थिङ सिस्टम जडान हुन्छ । चट्याङ अग्लो स्थानमा आकर्षित हुन्छ ।

सहरका घरमा तामाको तारको अर्थिङ सिस्टम जोडिएको हुन्छ । चट्याङ यसैमा ठोकिन्छ त्यसले आफ्नो ऊर्जा नष्ट गर्छ । तर गाँउघरमा यस्तो व्यवस्था हुँदैन, जसकारण गाउँ घरमा चट्याङ बढी पर्ने सम्भावना हुन्छ ।






# भूमिहीनलाई लालपुर्जा बाँड्छु-'मन्त्री श्रैष्ठ'



◆ विकास संवाददाता

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री शशी श्रेष्ठले रूपचन्द्र विष्ट आफ्नो राजनितिक आदर्श सिकाउने गुरू भएको बताइन् । थाहा थाहा नगरपालिकाद्धारा आयोजित थाहा अभियानका प्रणेता रूपचन्द्र विष्टको २३औं स्मृति दिवसको अवसरमा ७ असारमा आयोजित कार्यक्रममा बोल्दै मन्त्री श्रेष्ठले स्व. रूदानेले गरिब, निमुखा, जुत्रे, छाप्रे भनी चिनाईएकाहरूको पक्षमा काम गर्नु भएकोले आफुले पनि उहाँको प्रेरणा अनुसार मन्त्री भए पश्चात संविधान प्रदत्त अधिकारको सुनिश्चितता गर्दै भुमी अधिकारबाट बञ्चित भएकाहरूलाई लालपुर्जा वितरण अभियान संचालन गरेको बताउनु भयो ।

मन्त्री श्रेष्ठले स्व. रूपचन्द्र विष्टको व्यवहार र आदर्शबाट अहिलेका पुस्ताले अनुसरण गर्नु पर्ने कुरा धेरै रहेको बताउदै थाहा नामनै काफी भएको र सबैले उहाँको आदर्शलाई सार्थक बनाउदै अघि बढे सधै सफल हुने र आफु पनि त्यसमा सहयोगी हुने बताइन् ।

कार्यक्रममा बोल्दै नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्रका नेता लिलामणी पोखेलले रूपचन्द्र विष्ट बहुप्रतिभाशाली दार्शनिक भएको बताउदै उहाँको आर्शलाई किम्बदन्ती मात्र नबनाउन आग्रह गरिन् । रूदाने सँगका संस्मरण सुनाउदै नेता पोखेलले थाहानगरले शुरूवात गरेको स्थानिय पाठ्यक्रम मार्फत नयाँ पुस्तालाई रूपचन्द्रको आदर्श बुझाउन र ती आदर्श पहिल्याउन अभिप्रेरित गर्नुपर्ने बताइन् ।

थाहा नगरपालिकाका प्रमुख विष्णु विष्टले रूदानेको सम्मान र सम्झनामा थाहा अभियान र आन्दोलनलाई जिवन्त राख्न स्मृति दिवसको दिन विदा दिन माग उठेकाले आगामी निति तथा कार्यक्रममा समेट्दै तथा नगरको कार्यपालिका बैठकबाट आवश्यक निर्णय लिनका लागि सुझाइन् । रूदानेको नाम भन्दा जहाँ कहिँ जाँदा आफुलाई गौरब हुने बताउदै प्रमुख विष्टले नगरका सबै काम कार्वाही गर्दा रूदानेको आदर्श सम्झेर गगर्न सुझाव दिइन् ।

थाहा नगरपालिकाका उप प्रमुख भरत गोपालीले जनताको विश्वासले पाएको ५ वर्षे कार्यकाल रूदानेको सम्मानमा सफल र जनमुखी बनाउने उद्घोष गर्दै थाहाका सबै जनप्रतिनिधिलाई सोही अनुसार काम गर्न आग्रह गरे ।

नेकपा माओवादी केन्द्रका नेता ज्योती रायमाझीले थाहामा रूदानेको सम्झनामा एक दिन सार्वजानिक विदा दिएर सो दिन नयाँ पुस्तामाझ थाहा फैल्याउन आग्रह गर्नु भयो भने नेकपा माओवादी केन्द्रका नेता तथा भुमी आयोग मकवानपुरका सदस्य अरूण रायमाझीले थाहा दर्शन जोगाउन जनमुखी काम गर्नुका साथै विकास घरलाई संरक्षण गर्न आग्रह गरे ।

कार्यक्रममा जनकल्याण माविका प्रअ. सानोभाई कार्की तथा रूपचन्द्र विष्ट स्मारक स्थानिय समितिका अध्यक्ष विमल विष्टले रूपचन्द्र विष्टको आदर्शका बारेमा चर्चा गरेका थिए ।

# नमुना थाहा नगरसभाबाट विनियोजन र आर्थिक विध्येक पारित

◆ विकास संवाददाता

थाहा नगरपालिकाको आयोजना तथा जिल्ला युवा समितिको कार्यालय मकवानपुरको संयोजनमा थाहा नगर पालिकामा पहिलो पटक आयोजना भएको नमूना युवा नगरसभाको अभ्यास सम्बन्धी ४ दिवसीय प्रशिक्षण कार्यक्रमसम्पन्न भएको छ ।

५ असारदेखि सुरू भएको कार्यक्रम ४ दिन संचालन भइ नमूना नगर सभा संचालन भएपश्चात समापन भएको हो । नमूना नगरसभालाई नगर सभा अध्यक्ष तथा नमुना युवा नगर प्रमुख बिस्मिता गोपालीले संचालन गर्दै नमूना नगर सभा उपाध्यक्ष ओमस प्रधानले बजेट बक्तब्य, बिनियोजन बिध्येयक २०७८ र आर्थिक विध्येयक २०७८ पेश गर्दै पारित भएको थियो

थाहा नगरपालिकाका १२ वटै वडाका ४५ जना युवाहरूलाई युवा निति, नेतृत्व, राज्यप्रणाली, नेतृत्व बिकाश, युवा मार्गदर्शन, नगरपरिषद, यसको संरचना लगायतका बिषयबस्तुमा प्रशिक्षण प्रदान गरिएको जिल्ला युवा समितिका अध्यक्ष शिबहरि दाहालले जानकारी दिए । अध्यक्ष दाहालले तालिममा युवा जीवन र मार्गदर्शन, लोकतन्त्र र लोकतान्त्रिक संस्कृति, सूचनाको हक, नेपालमा युवा संसदको अवधारणा र अभ्यास, युवा क्लब र युवा क्लब गठन प्रक्रिया, स्थानीय योजना निर्माणका सात तहहरू र वस्तीस्तरको योजना निर्माणमा युवा क्लबको भूमिका, नगरसभा संचालन सम्बन्धी कार्यविधि तथा गाउँ/ नगर सभामा पालना गर्नुपर्ने नियमहरूका विषयमा समेत राष्ट्रिय प्रशिक्षक मुना तिवारी र अशोक खनालले सहजीकरण गर्नुभएको जानकारी दिए ।




प्रशिक्षण कार्यक्रमको थाहा नगरपालिकाको नगर प्रमुख बिष्णु बहादुर बिष्टले उद्घाटन गरेका थिए ।

कार्यक्रममा नगर उपप्रमुख भरत गोपाली, विभिन्न वडाका वडा अध्यक्षहरू, जिल्ला युवा समितीका अध्यक्ष शिबहरि दाहाल, सामाजिक बिकास शाखाका प्रमुख अनिल लामिछाने, समाजसेवी बिमल कुमार ढकाल, शिक्षाबिद् सानोभाइ कार्की, युवा अभियान्ता दिनेश कार्की, थाहानगर उद्योग वाणिज्य संघका महासचिव सुरेन्द्रमान प्रधान लगायतको उपस्थिति रहेको थियो ।

# सुत्केरी हुन स्वास्थ्य संस्था जाँदा नि:शुल्क एम्बुलेन्स, बुहारीलाई छात्रवृत्ति

◆ विकास संवाददाता




पालिका, प्रदेश र संघीय सरकार ले विभिन्न जनमुखी कार्यक्रमको घोषणा त कति गर्छन्, गर्छन । तर नागरिकको दैनिक जीवनलाई समेटेर मकवानपुर थाहा नगरपालिका वडा नम्बर ४ ले उदाहरणीय कामको घोषणा गरेको छ ।

नागरिकलाई प्रत्येक्ष सहयोग पुग्ने र जनप्रतिनीधि भएको भएको आभाष दिने कार्यक्रम वडा समिति बैठकबाट निर्णय भएको वडा सचिव पाल्साङ लामाले जानकारी दिए । ६ असारमा बसेको बैठक वडा समितिको बैठकले आफ्नो वडामा सुत्केरी उद्दार, बुहारी छात्रवृत्ति, वडा पञ्जीकरण शिविरलगायतका नागरिकसंग प्रत्येक्ष सरोकार राख्ने कार्यक्रम संचालन गर्ने निर्णय भएको छ ।

आर्थिक बर्ष २०७९/०८० देखि लागुहुने थाहा नगरपालिका वडा नम्बर ४ लाई 'शुन्य घर सुत्केरी' घोषणाका लागि घरबाट स्वास्थ्य संस्थासम्म पुग्न एम्बुलेन्स नि:शुल्क उपलब्ध गराउने निर्णय भएको छ । वडा अध्यक्ष लामाले भने– 'घरबाट सुत्केरी हुन स्वासथ्य संस्थासम्म पुग्ने एम्बुलेन्स भाडा वडाले तिर्दिन्छ ।' देख्दा सानो जस्तो लागे पनि मातृशिशुको क्षेत्रमा महत्वपूर्ण हुने भएकोले वडा कार्यालयले यस्तो कार्यक्रम तर्जुमा गरिएको अध्यक्ष लामाले बताए । उनले भने, 'हामीले लोकप्रियताको लागि निर्णय गरेका होइनौं, बजेटको पनि व्यवस्था गरेका छौं ।' यस अघि पनि ४ नम्बर वडाले गर्भवती महिलाहरूलाइ्र पोषण कार्यक्रम संचालन गर्दै आएको थियो ।

पालिका र स्वास्थ्य कार्यालय संस्थासंगको समन्वयमा फरक क्षमता (अपाङ्गता) भएका व्यक्तिलाई घरमै परिचयपत्र वितरण गरिने वडा सचिव पाल्साङ लामाले जानकारी दिए । वडामा स्थायी बसोबास गर्दै आएका गरिब तथा विपन्न परिवारका ३ जना बुहारीलाई प्रमाणपत्र तहदेखि स्नातक तहसम्मको पढाई पूरा गर्न पुर्णतः छात्रवृत्ति उपलब्ध गराउने पनि निर्णय भएको वडा समितिका सदस्य सचिव समेत रहेका लामाले जानकारी दिए ।

२०.६८ वर्ग किलोमीटर क्षेत्रफलमा फैलिएको वडा नम्बर ४ को माथिल्लो भेग दामन, सिमभन्ज्याङ, नारायणझ्याउ, जुरेथुम, फापरबारी, ठुलोमाखु क्षेत्रको नागरिकलाई मध्येनजर गर्दै मासिक रूपमा दामनमा पञ्जीकरण तथा अन्य वडाबाट प्रवाह हुने सुविधा उपलब्ध गराउन नागरिक सेवा शिविर संचालन गर्ने निर्णय भएको छ । यस्तो शिविर प्रत्येक महिनाको पहिलो हप्ताको आइतबार दामन सहरी स्वास्थ्य केन्द्रमा संचालन हुने वडा अध्यक्ष लामाले जानकारी दिए । मासिक नागरिक सेवा शिविरबाट त्यस भेगका बासिन्दाले लाभ लिन सक्ने अध्यक्ष लामाको विश्वास छ ।

# गढीका कृषि अधिकृत चौधरील प्रदेशमै उत्कृष्ट

◆ विकास संवाददाता

मकवानपुरको मकवानपुरगढी गाउँपालिकाका कृषि विकास अधिकृत चन्द्रकान्त चौधरी बागमती प्रदेशमै उत्कृष्ट प्राविधिकको रूपमा सम्मनित भएका छन् ।

पालिकाका कृषि विकास शाखा प्रमुख समेत रहेका चौधरीलाई बागमती प्रदेश कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सिफारिसमा बागमती प्रदेशबाट उत्कृष्ट कृषि प्राविधिकको रूपमा सम्मान गरिएको हो ।

कृषि विभाग हरिहर भवन र नेपाल कृषि प्रसार समितिको आयोजनामा काठमाण्डौमा ३ र ४ असारमा संचालन भएको प्रभावकारी कृषि प्रसार सेवा प्रवाहको लागि कृषि अनुसन्धान, प्रसार र शिक्षाको समन्वय र सवलीकरणु विषयक कार्यशाला गोष्ठीको अवसरमा चौधरीलाई सम्मान गरिएको हो ।

सम्मानित भएपछि चौधरीले सम्पूर्णप्रति आभार व्यक्त गरेका छन् । उनले मकवानपुरगढीमा माटो परीक्षण प्रयोगशालादेखि किसान क्रेडिटकार्ड लगायत थुप्रै प्रभावकारी कार्यक्रम संचालन गर्दै आएका छन् ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको ब्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

विकास
खबरपत्रिका साप्ताहिक
२०७९ असार १३ गते सोमबार, 27 June 2022, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ४५/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७



www.bikaskhabar.com
bikaskhabar@gmail.com



# नागरिक 'मख्ख' पार्ने थाहानगरको नीति तथा कार्यक्रम

## अंग्रेजी माध्यमबाट पढाउने सामुदायिक विद्यालयलाई अनुदान

मकवानपुर थाहा नगरपालिका क्षेत्रका सामुदायिक विद्यायले अंग्रेजी माध्यमबाट पठनपाठन गरे अनुदान पाउने भएका छन् । थाहा नगरपालिकाको ११ औं नगरसभाबाट पारित नीति तथा कार्यक्रममा यस्तो उल्लेख गरिएको छ ।

गुणस्तरीय शिक्षाका लासिग शिक्षकलाई तालिमको व्यवस्था गरी नमुना विद्यालय बनाउन पहल गर्ने, सार्वजनिक शिक्षालाई गुणस्तर युक्त र आकर्षक बनाइने, विद्यालयहरूलाई एक आपसमा एकिकरण गरेर श्रोत र साधनको उच्चतम प्रयोग गर्ने नीति थाहा नगरपालिको रहेको छ ।

त्यस्तै बिद्यालयहरूमा मन्टेश्वरी, इसिडि विधि लागुगरी आधुनिक बिधिवाट सिकाई अवसर सृजना गरी वालवालीकालाई बिद्यालयको पहिलो दिन देखिनै शिक्षामा अभिरूचि हुने अवस्था निर्माण गर्ने, नगरमा रहेको एक मात्र पालुङ बहुमुखि क्याम्पसलाई आकर्षक, गुणस्तरिय बनाई उच्च शिक्षाको भरपर्दो सस्थाको रूपमा विकास गर्ने, थाहा ९, चित्लाङमा स्थापना भएको मदन भण्डारी प्राविधिक विश्व विद्यालयसंग आवश्यक समन्वय गरी नगरमै उच्च प्राबिधिक शिक्षाको प्रवन्ध गर्ने नीति लिइएको छ ।

थाहा १, मा रहेको कृषि विश्वबिद्यालय अनुसन्धान केन्द्रसंग समन्वय गरी थाहा नगरमा उच्च तहको कृषि प्रबिधि अप्नाउने र कृषि क्षेत्रको उच्च शिक्षाको प्रवन्ध गर्ने, देशमा सफल रूपमा सञ्चालित नीजि क्षेत्रका ठूला विद्यालयहरू र कलेजहरूलाई थाहा नगर मा आमन्त्रण गरी शैक्षिक केन्द्रको रूपमा विकास गर्न पहल गर्ने नगरपालिकाको नीति छ ।

इसिडि सहजकर्ता र कर्मचारीको पारि श्रमिकलाई समयानुकुल बनाउने, थाहानगरका केही विद्यालयलाई आवाशिय विद्यालयको रूपमा संचालन गर्न आवश्यक अध्ययन गरिने र टिष्टुङको बागेश्वरी माध्यमिक विद्यालयमा आगामि आर्थिक वर्ष स्कूल बस संचालन गर्ने नगरपालिकाको नीति छ ।



थाहा नगर प्रमुख विष्णु विष्ट (बाँया) उपप्रमुख भरत गोपाली (दायाँ)

## 'एक घर, एक धारा' नीति

मकवानपुर थाहा नगरपालिकाले ७ वर्षदेखि नीतिगत रूपमा अघि बढाएको योजना ुएक घर, एक धारु कार्यक्रमलाई आर्थिक वर्ष २०७९/०८० मा पनि निरन्तरता दिने भएको छ । १० असारमा पालिकाका उपप्रमुख भरत गोपालीले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा यस नीतिलाई निरन्तरता दिइएको हो ।

थाहानगरको वडा नम्बर १, २ ३ र ४ मा संघीय सरकारसंगको लागत साँझेदारीमा वृहत्त खानेपानी आयोजना निर्माणको लागि सम्झौता भई टेण्डर आव्हान भैसकेको योजनालाई समयमै सम्पन्न गर्ने नगरपालिकाको योजना छ । नगरका सम्पन्न खानेपानी योजनाहरूलाई थाहानगर खानेपानी व्यवस्थापन बोर्ड मार्फत संचालनको व्यवस्थ ागर्ने नीति छ । साथै नगरमा निर्माण भई सञ्चालनमा आएका खानेपानी योजनाहरूलाई क्रमशः नगर खानेपानी व्यवस्थापन बोर्डलाई हस्तान्तरण गरी संचालनको व्यवस्था मिलाउने नीति थाहा नगरपालिकाको रहेको छ ।

## अक्सिजन प्लान्ट स्थापना गरिने, गरिब विरामीलाई आर्थिक सहयोग दिइने

मकवानपुर थाहा नगरपालिकामा आगामि आर्थिक वर्ष २०७९/०८० मा अक्सिजन प्लान्ट निर्माण सम्पन्न भएको छ । आक्सिजनकै भरमा दैनिक जीवनयापन गरिरहेका दीर्घरोगीहरूलाई अक्सिजन खरिदमा छुट दिई सहज व्यवस्था गर्ने नगरपालिकाको नीति तथा कार्यक्रममा उल्लेख छ ।

थाहनगर उपप्रमुख भरत गोपालीले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा गरिब असहाय विरामीलाई आर्थिक सहयोगको व्यवस्था गर्ने समेत उल्लेख गरिएको छ । हरेक नागरिकको स्वास्थ्य अवस्थाको तथ्याङ्क राखि नगरको खास स्वास्थ्य अवस्था पहिचान गरेर रोग लाग्न नदिन र रोग लागेको अवस्थामा राम्रो उपचार प्रवन्ध मिलाउन स्वास्थ्य बीमा मार्फत नेपाल सरकारको नीति तथा कार्यक्रम अनुसार सेवा प्रवाह गर्ने पनि थाहानगरको नीति छ ।

गरीव, असहाय नागरिकको स्वास्थ्य उपचारको निम्ति आवश्यक प्रवन्ध मिलाइने, १५ शैयाको नगर अस्पताल सञ्चालनमा ल्याई सामान्य सबै प्रकार को उपचार नगरमै हुने व्यवस्था मिलाइने, हरेक वडामा सहरी स्वास्थ्य केन्द्र सञ्चालन गरी स्वास्थ्य सेवा प्रदान गर्ने, दीर्घ रोगी, अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिकलाई आवश्यक पर्ने नियमित स्वास्थ्य सेवा र सरकारले दिने निशुल्क औषधी सम्भवभएसम्म घरदैलोमै पुर्‍याउने प्रवन्ध गर्ने पनि नगरपालिकाको नीति छ । वडा तहमा रहने सहरी स्वास्थ्य केन्द्रमा सुरक्षित प्रसुति सेवा प्रदान गर्ने, नगरमा प्राकृतिक चिकित्सालय स्थापना तथा सञ्चालन गर्न पहल गर्ने, नगरको स्वच्छ हावापानीलाई स्वास्थ्य उपचार र लामो समय आराम आवश्यक पर्ने मानीसलाई आकर्षित गर्न आवश्यक पहल गर्ने, नगरलाई शुन्य घर सुत्केरी नगर घोषणा गर्ने नगरपालिकाको आगामि वर्षको नीति तथा कार्यक्रममा उलल्लेख छ ।

## केवलकारदेखि सार्वजनिक शौचालय निर्माणसम्मको नीति

मकवानपुर थाहा नगरपालिकाले भिमफेदी-सिमभञ्ज्याङ र सिमभञ्ज्याङ-चन्द्रागिरी खण्डमा केवलकार निर्माण गरेर हेटौंडा-काठमाडौं केवलकार सम्भाव्यता अध्ययन गरि पर्यटन पूर्वाधार विकास गर्न संघीय, प्रदेश सरकार, नीजि तथा सहकारी क्षेत्रसंग सहकार्य गर्ने जनाएको छ । थाहाले आगामि आर्थिक वर्ष २०७९/०८० का लागि प्रस्तुत नीति तथा कार्यक्रममा यस्तो उल्लेख गरिएको हो ।

थाहानगरले थानकोट-चन्द्रागीरी-चित्लाङ सडक निर्माण सम्पन्न गर्न संघीय र प्रदेश सरकारसंग आवश्यक समन्वय गर्ने पनि नीति लिएको छ । कुलेखानी-कुन्छाल सडक स्तरोन्नति तथा कालोपत्रे गर्न टेण्डर आव्हान भैसकेको हुँदा यसलाई समयमै सम्पन्न गर्न प्रदेश सरकार र सम्बन्धीत निकायहरूसंग आवश्यक समन्वय गर्ने जनाएको छ । थाहा-७ को डाँडाबास हुँदै-दामगाडे-मोरिया-महादेवबेसी सडक खण्डको निम्ति संघीय सरकार र प्रदेश सरकारबाट करीब एक अर्ब रकम विनियोजन गरेकोमा नीति तथा कार्यक्रमकै माध्यमबाट धन्यावद दिएको छ ।

थाहा नगरमा निर्माण भएका सडकहरूको स्तरोन्नती गर्ने थाहाको नीति छ । थाहा नगरबाट संघीय राजधानी काठमाडौं र प्रदेश राजधानी हेटौंडासम्म यात्रागर्न सुरक्षित, सुबिधायुक्त, पर्यटन मैत्री सार्वजनिक यातायातका साधनहरू नियमित रूपले सञ्चालन गर्न नीजि र सहकारी क्षेत्रसंग सहकार्य गरी आवश्यक व्यवस्था मिलाउने पनि जनाइएको छ । इन्द्रायणी चौरमा सार्वजनिक शौचालय निर्माण गर्ने पनि नीतिमा उललेख छ ।

थाहा नगर बस पार्कलाई सुबिधा सम्पन्न रूपमा निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याउने नीति थाहानगरको छ। आगामि आर्थिक वर्षमा संभव भएसम्म सडक ग्राभेल नगर्ने र ढलान गर्ने नीति लिएको छ ।

## थाहा नगरसभाः वडाको कर, वडालाई नै भर

मकवानपुरको थाहा नगरपालिकाले वडाबाट संकलित व्यवसाय कर र घर बहाल कर सम्बन्धीत वडामै ३० प्रतिशत दिने नीति लिएको छ । १० असारमा नगर उपप्रमुख भरत गोपालीबाट आर्थिक वर्ष २०७९/०८० का लागि प्रस्तुत नीति तथा कार्यक्रममा यस्तो उल्लेख गरिएको हो ।

व्यवसाय र घरभाडा कर वडाबाटै संकलन गर्ने र संकलित रकमको ३० प्रतिशत रकम वडालाई नै विकासका लागि उपलब्ध गराउने भएको नीति तथा कार्यक्रममा उल्लेख छ । त्यस्ते नगरको आन्तरिक स्रोत बढाउनका लागि प्राकृतिक श्रोत व्यवस्थापनमा जोड दिने भएको छ । घर वहाल कर, एकिकृत सम्पत्ति कर, व्यवसाय कर, कृषि उपज निकासी कर, पर्यटन सेवा शुल्क, नदीजन्य, वन जन्य, खानीजन्य वस्तु निकासी वस्तु निकासी कर नगरको मुख्य आयश्रोत हुने निति तथा कार्यक्रममा उल्लेख छ ।

थाहानगरले खानी उद्योग संचालन गर्न निजी क्षेत्रलाई आकर्षित गर्ने जनाएको छ । एकीकृत सम्पत्ती करको दरलाई घटाई समायानुकुल परिपार्जन गर्दै दायरा वृद्धि पनि नीति तथा कार्यक्रममा उललेख छ । होटल एशोसिएशनको समन्वयमा पर्यटन शुल्क लगाउन आवश्यक नीति निर्माण गर्ने थाहानगरको आगामि आर्थिक वर्षको योजना छ ।

> व्यवसाय र घरभाडा कर वडाबाटै संकलन गर्ने र संकलित र कमको ३० प्रतिशत रकम वडालाई नै विकासका लागि उपलब्ध गराउने



## वर्षातको समयमा हुने पानीजन्य रोग प्रति सचेत रहौं ।

फोहोरपानीले झाडापखला, हैजा, टाइफाइड, आउँ जण्डिस जस्ता रोगहरू लाग्छ सक्छन् ।

***त्यसैले;***

- खोला, धारा वा मुलको पानी सिधै नपिऔं ।
- पानी उमालेर वा शुद्धिकरण गरेर मा पिऔं ।
- पानीलाई पीउष, अक्वाट्याब्स वा अन्य क्लोरिन जन्य कुराहरु हालेर शुद्धिकरण गरौं ।
- पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## चट्याङको समयमा सतर्क रहौं ।

**चट्याङबाट बच्ने उपायः**

- बिजुली चम्केको बेला सतर्क रहने,
- विद्युतीय तरङ्ग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने,
- खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने,
- सकभर अग्लो स्थानमा नबस्ने,
- धातुका ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## नगरौं विवाहका कुरा: भएको छैन बिस वर्ष पूरा

बालविवाह सामाजिक अपराध हो । बालविवाह नगरौं, नगराऔं ।




"सानै छु बढ्न देऊ, विवाह हैन पढ्न देऊ"

**थाहा नगरपालिका**
**सामाजिक विकास शाखा**
**इन्द्रायणी चौर, मकवानपुर**

बालविवाह गर्नु वा गराउनु सामाजिक अपराध हो र यो दण्डनीय छ । बालविवाह गरे वा गराएको पाइएमा नजिकको प्रहरी/वडा कार्यालय, बालक्लव, बालसञ्जालमा खबर गरौं । बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविष्य निर्माणमा आजैदेखि सबै लागौं ।


● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी